Vol. 9, No. 1, 2023 (May) 89–95
**The Journal of Knowledge and Innovation**
**Journal homepage**: https://www.nepjol.info/index.php/JKI
**Publisher**: Research Management Cell , Mahendra Morang A. M. Campus (Tribhuvan University) Biratnagar

# “शाहजहाँको इच्छा” कवितामा संसक्ति व्यवस्था

**अनिल अधिकारी**
नेपाली, नेपाली शिक्षा र पत्रकारिता विषय शिक्षण विभाग, महेन्द्र मोरङ आदर्श बहुमुखी क्याम्पस, विराटनगर

Email: aniladhikaribhojpur@gmail.com

## सारलेख

प्रस्तुत लेख लक्ष्मीप्रसाद देवकोटाको “शाहजहाँको इच्छा” कवितामा संसक्ति तथा संसक्तिअन्तर्गतको व्याकरणिक संसक्तिको विश्लेषणमा केन्द्रित छ । नेपाली साहित्यमा बहुआयामिक व्यक्तित्व, नेपाली साहित्यको उन्नयन र विकासका लागि समग्र जीवन खर्चने लक्ष्मीप्रसाद देवकोटाको प्रस्तुत शाहजहाँको इच्छा सिर्जनागत प्रप्तिका दृष्टिले नेपाली कवितापरम्पराको उच्चतम प्राप्ति हो । परिष्कृत, परिमार्जित र उच्च काव्यिक शिल्प प्रस्तुत भएको प्रस्तुत कविता देवकोटाको सुसम्बद्ध लेखनशैली अवलम्बन भएको संसक्तिपूर्ण भाषिक सङ्कथन हो । सङ्कथन वाक्यभन्दा माथिको सम्पूर्ण भाषिक संरचना हो भने सङ्कथन विश्लेषण संरचनाको भाषापरक अध्ययन गर्ने नवीन विश्लेषण पद्धति हो । सङ्कथन विश्लेषणका विभिन्न पद्धतिमध्ये संसक्ति व्यवस्था एउटा अधार हो । संसक्ति भन्नाले कुनै पनि पाठभित्र हुने अन्तर्सम्बन्ध तथा अनुच्छेदभित्रका वाक्यहरूमा भावप्रवाह सिर्जना गर्ने विशिष्ट ढाँचा हो जसले पाठभित्रका एकाइलाई सुसम्बद्धता प्रदान गर्दछ । संसक्ति व्यवस्थाअन्तर्गत व्याकरणिक संसक्तिले संरचनामा रहेका व्याकरणिक प्रकार्यमा माध्यमबाट पाठलाई एकान्वितपूर्ण र सुसम्बद्ध तुल्याउन अहम् भूमिका खेल्दछ । प्रस्तुत कवितामा सन्दर्भन एकाइका रूपमा आएका व्याकरणिक संसक्तिले पाठमा रहेको सूचनालाई प्रवाहमय तुल्याई काव्यिक संरचनालाई कविको स्वच्छन्द भावप्रवाह गर्ने शैलीलाई सुसम्बद्ध तुल्याउन अहम् भूमिका खेलेको छ । कवितामा अन्यन्त न्यून निदर्शनको प्रयोग भए पनि तिनको भूमिका सुसम्बद्ध पाठ निर्माणका लागि सबल छ भने सार्वनामिक एकाइका रूपमा रहेका सन्दर्भनले पाठमा रहेका सन्दर्भ र अर्थलाई परस्परमा संसक्ति गरेका छन् । कवितामा प्रतिस्थापित एकाइ शब्द र वाक्यलाई परस्परमा जोड्ने एकाइका रूपमा नभई बृहत्तर आर्थीसम्बन्धसँग सन्दर्भलाई परस्परमा सम्पृक्त गराउने यस कृतिमा लोपले निरन्तर सूचनाप्रवाहलाई परस्परमा संसक्ति गर्न महत्त्वपूर्ण भूमिका खेलेका छन् । गुणात्मक अनुसन्धानविधि र पाठविश्लेषणकेन्द्री ढाँचामा पूणर्ता दिइने यस लेखमा शब्द, पदावली, वाक्य र अनुच्छेदमा प्रवाह भएको सूचनालाई अनुच्छेदका तहमा निर्माण हुने सन्दर्भ र अर्थसँग जोड्ने महत्त्वपूर्ण भाषिक प्रकार्यका रूपमा संयोजनको स्थान रहेको विषयमा विमर्श भएको छ ।

**शब्दकुञ्जी:**
निदर्शन, सार्वनामीकरण, प्रतिस्थापन, लोप, संयोजन समाख्याता ।

**Article information**
Manuscript received: March 26, 2023; Accepted: May 5, 2023
DOI https://doi.org/10.3126/jki.v9i1.53508
This work is licensed under the Creative Commons CC BY-NC License. https://creativecommons.org/licenses/by-nc/4.0/

## १. विषयप्रवेश

नेपाली साहित्यमा लक्ष्मीप्रसाद देवकोटा (१९६६-२०१६) सम्मानित र चीरस्मृत नाम हो । सृजन विधामा कविता र यसका सबै विधाका साथै आख्यान, नाटक, निबन्ध र अंशतः समालोचनामा पनि कलम चलाउने देवकोटाका एक दर्जन कवितासङ्ग्रह, दुई दर्जन खण्डकाव्य र आधा दर्जन महाकाव्यका साथै नाटक, निबन्ध, कथा र उपन्यास पुस्तकाकार रूपमा प्रकाशित रहेका छन् । स्वच्छन्दतावादी-प्रगतिवादी भावधारालाई कव्यसिर्जनाको मुख्य प्रवृत्तिका रूपमा ग्रहण गर्ने देवकोटाको प्रस्तुत “शाहजहाँको इच्छा” कविता २०१३ सालमा इन्द्रेणी पत्रिकामा प्रथमपटक प्रकाशित भई २०३९ सालमा लक्ष्मी कवितासङ्ग्रहमा सङ्गृहीत भई पुनप्र्रकाशित भएको कविता हो । नेपाली कविताको विकाशशील युगको प्रतिनिधित्व गर्ने देवकोटा युगमा आएका विषयवस्तुगत विविधताअन्तर्गत स्वच्छन्दतावादी भावानुभूतिलाई रहस्यवादी दृष्टिकोणमा प्रस्तुत गरिएको “शाहजहाँको इच्छा” कविता तीब्रतम् लय र अन्तर्साङ्गीतिकता, पदविन्यास, पदलालित्य, श्रुतिमधुरता, साङ्गीतिकता तथा लयात्मकताजस्ता विषयमा सबल र सघन भएको उच्चतम् कोटिको कविता हो । परिष्कृत, परिमार्जित र सुललित पदविन्यास

भएको भाषिक सङ्कथनका रूपमा यस कविताको संरचना भाषिक एकाइबीच पारस्परिक सुसम्बद्ध भएको रचना हो ।

सङ्कथन वाक्यात्मक संरचनाभन्दा माथिल्लो भाषिक संरचनालाई मानिन्छ भने यो भाषिक संरचनामा भाषिक प्रकार्यको अध्ययन गर्ने नवसमालोचनावादी पद्धति हो । भाषिक संरचनाका रूपमा सङ्कथन अध्ययन गर्ने विविध अनुशासन स्वीकृत रहेका छन् भने संसक्ति व्यवस्था त्यसमध्येको एउटा आधार हो । संसक्ति व्यवस्थाको अध्ययन गर्दा व्याकरणिक र कोशीय दुई भागमा विभाजित गरी अध्ययन गर्ने परम्परा छ । व्याकरणिक संससक्तिमा पाठमा रहेका व्याकरणिक कोटिको प्रयोगले पाठमा सिर्जना गर्ने एकान्विति र अथएमा एकरूपता ल्याई पाठलाई कसरी सुसम्बद्ध रचनामा रूपान्तर गरेको छ भन्ने पक्षको खोजी गरिन्छ । संसक्तिमा व्याकरणिक संसक्तिभित्र पाठमा अवशिष्ट पदावली संरचनाभन्दा माथिल्लो एकाइमा रहेका उपवाक्य, वाक्य, अनुच्छेद, मनोवाद, संवाद आदि भाषिक एकाइलाई परस्परमा जोडी एकीकृत भावप्रवाहका लागि संसक्ति सम्बन्ध स्थापित गर्ने शब्दको पहिचान गरी तिनले पाठलाई कसरी सुसम्बद्ध तुल्याएका छन् भन्ने पक्षको विश्लेषण गरिन्छ । पाठमा प्रयोग भएका संयोजी शब्दमा लेखक, वक्ता वा प्रस्तुतकर्ताको प्रमुख अभिप्राय वा मुख्यभावको पुनरावृत्ति, अर्थगत समग्रता वा पूर्वपर अर्थ रहने हुँदा त्यस्ता शब्दको पाठसंरचनामा उपस्थितिका आधारमा संसक्ति र सुसम्बद्धता खोजिन्छ । निदर्शन वा सन्दर्भन, सार्वमनासीकरण, प्रतिस्थापन, लोप र संयोजनद्योतक व्याकरणिक एकाइले पाठलाई सुसम्बद्ध तुल्याउने पक्षको विश्लेषण गरिने व्याकरणिक संसक्तिव्यवस्थामा ती भाषिक कोटिको भूमिकाका साथै पाठमा निरन्तर प्रवाह हुने सूचनालाई पनि विश्लेषण गरिन्छ । परिष्कार र परिमार्जनको उत्कृष्ट नमुना मानिने “शाहजहाँको इच्छा” व्याकरणिक संसक्तिव्यवस्थाको अध्ययनका लागि उपयुक्त कविता हो । संसक्ति व्यवस्थाअन्तर्गत व्याकरणिक संसक्ति र त्यसको सैद्धान्तिक पक्षका आधारमा साहित्यिक कृतिको विश्लेषण, बोध, अध्ययन तथा अनुसन्धान गर्ने अध्येताका लागि पूरक सामग्री रहने यो लेखको प्राज्ञिक औचित्य रहेकै छ भने भाषापरक अध्ययनका रूपमा व्याकरणिक संसक्ति महत्त्वपूर्ण सामग्री हो । कवितामा व्याकरणिक संसक्तिभन्दा अन्य विषय यसका सैद्धान्तिक सीमा हो भने “शाहजहाँको इच्छा” कविताका अतिरिक्त अन्य कविता प्राथमिक सामग्रीको सीमा हो ।

## २. समस्याकथन

प्रस्तुत अध्ययनको मुख्य समस्या लक्ष्मीप्रसाद देवकोटाद्वारा लिखित शाहजहाँको इच्छा कवितामा संसक्ति व्यवस्थाअन्तर्गत व्याकरणिक संसक्तिको अध्ययन रहेको छ । कविता भाषिक संरचनामा प्रस्तुत हुने विषय रहेकाले यसमा प्रयुक्त भाषिक प्रकार्यले पाठगत संयुक्ति र सन्दर्भ निर्माण भएको आधारसँग सम्बन्धित रहेकाले औचित्यपूर्ण रहने यस लेखमा मुख्यसमस्यासँग सम्बन्धित पक्षलाई समाधान गर्न निम्नलिखित शोध्यप्रश्न निर्धारण गरिएका छन् ।

क) कवितामा निदर्शन केकस्तो रहेको छ ?

ख) कवितामा प्रतिस्थापन र लोप कसरी भएको छ ?

ग) कवितामा संयोजन किन भएको छ ?

समस्याकथनमा औंल्याइएका समस्याहरूको समाधान खोज्नु नै यस लेखको उद्देश्य हो ।

## ३. अध्ययनविधि

प्रस्तुत लेख पुस्तकालयीय कार्य हो भने यसका लागि आवश्यक सामग्री पुस्तकालयबाट सङ्कलन भएको छ । यस लेखका सामग्री प्राथमिक र द्वितीयक दुबै स्रोतका रहेका छन् । प्राथमिक सामग्री “शाहजहाँको इच्छा” कविता हो भने द्वितीयक स्रोत सैद्धान्तिक र प्रायोगिक पूर्वाध्यायन भएका सामग्री हुन् । गुणात्मक अनुसन्धान पद्धति र पाठविश्लेषणकेन्द्री ढाँचामा तयार गरिने यस लेखमा अर्थापनका लागि व्याख्यात्मक र विश्लेषणात्मक विधिको उपयोग भएको छ । यस लेखको सैद्धान्तिक आधार संसक्ति व्यवस्थाअन्तर्गतको व्याकरणिक संसक्ति रहेको छ ।

## ४. सैद्धान्तिक आधार

संसक्तिव्यवस्था वाक्यभन्दा माथिल्लो भाषिक संरचनाको निर्माणका सन्दर्भमा व्याकरणिक एकाइको भूमिका र त्यसका आधारमा पाठगत सुसम्बद्धता कसरी भएको छ भन्ने विषय अध्ययन गर्ने भाषिक पद्धति हो । भाषिक अध्ययनपद्धतिका रूपमा नवसमालोचनाशास्त्रअन्तर्गत विकसित यो अध्ययनपद्धति सङ्कथन अध्ययनको एउटा शाखा रहेको छ । सङ्कथन अध्ययनले अनुच्छेद संरचनाभन्दा माथिल्लो भाषिक अभिव्यक्तिलाई सङ्कथन मान्दछ । सङ्कथन एक सारवाक्यका रूपमा वा यसभन्दा माथिको जुनसुकै तहको संरचनाका रूपमा रहेको हुन्छ । कुनै गम्भीर भाषण वा कुनै विषयमा भएको निश्चित लेखन, कुनै गम्भीर कुराकानी कुनै पनि कथन वा लेखनसँग जोडिएको भाषिक अभिव्यक्तिलाई सङ्कथन भनिन्छ (गौतम, २०६८, पृ. ५७१) । सङ्कथन संरचनामा रहेका भाषिक प्रकार्यको आधारमा त्यसका निहित अर्थ र सन्दर्भको संयोजनका साथै तिनीहरूको प्रस्तुति सुसम्बद्ध लेखनका लागि कसरी प्रस्तुत भएका छन् भन्ने पक्षको अध्ययन गर्ने सङ्कथनपरक अध्ययन पद्धति सङ्कथन विश्लेषण हो । सङ्कथन विश्लेषण अन्तर्विषयक अध्ययन रहेकाले यसको प्रवृत्ति बहुपक्षीय भएकाले विश्लेषणका क्रममा सङ्कथनको पाठपरक अर्थसँग संज्ञानात्मक, सामाजिक, राजनैतिक, ऐतिहासिक आयामहरूलाई पनि एकीकृत गर्नुपर्छ (एटम, २०७४, पृ.२४१) । भाषापरक अध्ययनका लागि सङ्कथन विश्लेषणअन्तर्गत संसक्तिव्यवस्था एक आधार हो । संसक्ति भन्नाले कुनै पनि पाठभित्र हुने अन्तर्सम्बन्ध हो, अनुच्छेदभित्रका वाक्यहरूमा भावप्रवाहलाई निरन्तरता दिने ढाँचा हो । चोम्स्कीको भाषाले भाषिक संरचनामा प्रयुक्त विचार संरचनासम्बद्ध हुने तथा यो भाषावैज्ञानिक सन्दर्भका आधारमा सङ्कथनको विश्लेषण हुन्छ भन्ने अवधारणासँगै वाक्यभन्दा माथिल्ला एकाइ, मौखिक-लिखित पाठको ध्वनिशास्त्रीय र व्याकरणिक अध्ययन पनि सङ्कथन अध्ययनको क्षेत्रमा समावेश भएको हो (फ्लावरड्यू, सन् २०१३, पृ. १) । पाठमा अवशिष्ट सन्दर्भ र त्यसको निरन्तरता स्थापना गर्ने भाषिक प्रकार्यका रूपमा संसक्तिव्यवस्थाको महत्त्वपूर्ण भूमिका रहने गर्दछ । संसक्ति पाठमा रहेका व्याकरणिक र ध्वनि तात्त्विक शृङ्खलालाई परस्परमा सम्बद्ध गरी पाठको बुनोट गर्ने प्रक्रिया हो (डेभिस, सन् १९८९, पृ. २५७) । संसक्तिले पाठमा विद्यमान पदावली संरचनाभन्दा माथि रहेका उपवाक्य, वाक्य, अनुच्छेद, मनोवाद, संवाद जस्ता भाषिक एकाइलाई परस्परमा जोडी एकीकृत भावप्रवाहका लागि संसक्ति सम्बन्ध स्थापित गर्न परस्परमा सुसम्बद्धता स्थापित गर्ने भाषिक प्रकार्यको भूमिका खेल्दछ । पाठमा प्रयोग गरिएका संयोजी शब्दमा लेखक, वक्ता वा प्रस्तुतकर्ताको प्रमुख अभिप्राय वा मुख्य भावको पुनरावृत्ति, अर्थगत समग्रता वा पूर्वापर अर्थसँग सम्बन्धित सन्दर्भलाई परस्परमा जोड्ने प्रकार्यको भूमिका संसक्ति व्यवस्थाले गर्दछ ।

संसक्ति व्यवस्थाअन्तर्गत पाठमा रहेका व्याकरणिक र कोशीय अर्थ दिने शब्द तथा तिनको प्रकार्यको अध्ययन गरी तिनले पाठलाई कसरी सुसम्बद्ध तुल्याएका छन् भन्ने पक्षको विश्लेषण गर्ने पद्धति हो । पाठको बुनोट प्रक्रियाको अध्ययन गर्ने संसक्तिले पाठको संगठन कसरी भएको छ ? तथा त्यसमा प्रयोग भएका व्याकरणिक र कोशीय शब्द कसरी परस्परमा सम्बद्ध छन् भन्ने पक्षको प्रकार्यात्मक विश्लेषण गर्दछ (मार्टिन, सन् २००१, पृ. ३५) । पाठको संसक्तिपरक अध्ययन गर्दा त्यसमा रहेका व्याकरणिक र कोशीय शब्दको सम्बद्धता तथा पारस्परिक सम्बन्धलाई आधार बनाइन्छ । व्याकरणिक संसक्तिगत युक्ति (ग्रमाटिकल कोहेसिब डिभाइस) र कोशीय वा शाब्दिक संसक्तिगत युक्ति (लेक्सिकल कोहेसिब डिभाइस) को अध्ययन पाठको आर्थी सम्बन्धको निर्धारणका लागि गरिन्छ जुन सङ्कथन विश्लेषणको केन्द्रीय विषय हो (गौतम, २०६८, पृ. ५७६) । पाठमा निहित कोशीय र व्याकरणिक संसक्तिको अध्ययन तथा तिनको प्रयोगले पाठभित्र रहेको भावप्रवाह र आर्थीसम्बन्धको निर्धारणका लागि संसक्ति सबल र सशक्त माध्यम मानिन्छ जसमध्ये व्याकरणिक संसक्ति एक मुख्य माध्यम हो । व्याकरणिक संसक्तिको अध्ययन

गर्ने विविध सूक्ष्म एकाइ वा प्रतिमान रहेका छन् । भाषिक प्रकार्यका सन्दर्भमा निश्चित र अनिश्चित सूचनालाई सन्दर्भित गर्ने व्याकरणिक संसक्ति निदर्शन हो (फ्लावरड्यु, सन् २००८, पृ. ३४) । ह्यालिडे र हसन (सन् १९७६) ले व्याकरणिक संसक्तिको विभाजन प्रथमतः निदर्शन वा सन्दर्भन, सार्वनामीकरण, प्रतिस्थापन, लोप र संयोजन रहने तथा यसको पाठमा रहने उपस्थितिले सुसम्बद्धता सिर्जना गर्न अहम् भूमिका खेल्ने पक्षको विवेचना गरेका छन् (सन् १९७६, पृ. ३) । व्याकरणिक संसक्तिव्यवस्थाअन्तर्गत सुसम्बद्ध पाठ सिर्जना गर्ने सन्दर्भमा निदर्शनको भूमिका महत्त्वपूर्ण रहने गर्दछ । निदर्शन पाठको संरचनाभित्र आउने नामिक पद वा पदसमूहको विकल्पमा प्रयोग हुने सन्दर्भसूचक भाषिक एकाइ हो जसले पाठमा एकान्विति सिर्जना गरी पाठमा रहेका सन्दर्भलाई परस्परमा सम्बद्ध तुल्याउन महत्त्वपूर्ण भूमिका खेल्दछ (ह्यालिडे र हसन, १९७६, पृ. ३७) । निदर्शनले पाठमा रहेका विविध आर्थीसम्बन्ध भएका सन्दर्भलाई परस्परमा आबद्ध गरी पाठगत एकान्विति र केन्द्रीय अर्थ सिर्जना गर्न महत्त्वपूर्ण भूमिका खेल्दछ । पाठको आन्तरिक पक्षलाई सुसम्बद्ध तुल्याई पाठात्मक संरचनामा भाषिक प्रकार्यलाई तथ्यपरक र विश्वसनीय तुल्याउने भाषिक कोड वा सङ्केतव्यवस्था निदर्शन वा सन्दर्भन हो भने पाठको अर्थ कसरी प्रसार र विकसित भई समग्रार्थउन्मुख भएको छ भन्ने पाठकलाई आधार र मार्गनिर्देश गर्ने व्याकरणिक संसक्ति निदर्शन हो (म्याकार्थी, १९९१, पृ. ३५) । पाठ निर्माणका लागि सूक्ष्म संरचनामा आएर पनि भाषिक प्रकार्यका दृष्टिले महत्त्वपूर्ण भूमिका खेल्ने निदर्शन वा सन्दर्भनले पाठ निर्माण, यसको बुनोट, विकास र केन्द्रीय अर्थका तहमा सार्थक उपस्थिति जनाई सबै भाषिक एकाइ र अर्थबीच पारस्परिक सम्बद्धता स्थापित गर्ने माध्यम र आधार हो । निदर्शन पाठमा सन्दर्भनका रूपमा आएका नाम पदको संरचनात्मक प्रकार्यलाई बहन गर्ने संरचना, अर्थ र सन्दर्भको प्रतिनिधित्व गर्ने एकाइ भएकाले प्रनाउनका रूपमा नभई सार्वनामिक एकाइका रूपमा सङ्कथन संरचनामा आउने विषय हो (ह्यालिडे र म्याथिसेन, २००४, पृ. २४७) । निदर्शनले पाठमा प्रयुक्त सार्वनामिक पदलाई प्रोनोमिनल युनिटका रूपमा समेत अधिग्रहण गरी भाषिक प्रकार्यलाई निरन्तर सूचना प्रवाहसँग जोड्ने कार्य गर्दछ भने व्याकरणिक संसक्तिको दोस्रो प्रतिमान प्रतिस्थापन र लोप रहेका छन् ।

प्रतिस्थापन पटकपटकको पुनरावृत्तिबाट पाठमा उत्पन्न हुने निराशालाई न्यूनीकरण गर्ने भाषिक एकाइ हो भने लोपका माध्यमबाट अध्याहारबाट नै अर्थग्रहण गर्ने भाषिक प्रकार्य हो । भाषिक प्रकार्यमा सन्दर्भसूचक पद, पदावली, उपवाक्य, वाक्य, अनुच्छेद र सिङ्गो परिच्छेदको पुनरावृत्ति हुने स्थानमा प्रयोग हुने एकाइ हो जसले पूर्ववर्ती र परवर्ती सन्दर्भलाई परस्परमा सम्पृक्त गरी सन्दर्भ र अर्थगत एकान्विति सिर्जना गरी सुसम्बद्ध पाठ निर्माणका लागि सहयोगी भूमिका निर्वाह गर्दछ (म्याकार्थी, सन् १९९१, पृ.४८) । प्रतिस्थापन भाषिक सन्दर्भको पुनरावृत्ति हुने प्रक्रियालाई रोकी प्रस्तुतिगत सङ्क्षिप्तता र प्रभावकारिता सिर्जना गर्दछ । पाठगत सुसम्बद्धता निर्माण गर्ने सन्दर्भमा प्रतिस्थापन र लोपको प्रक्रिया समानान्तर रूपमा सँगसँगै प्रवाहित हुने गर्दछ । भाषिक प्रकार्यका सन्दर्भमा प्रतिस्थापन र लोपको निकटवर्ती सम्बन्ध रहेको छ । प्रतिस्थापन निश्चित सन्दर्भलाई सङ्क्षेपीकरण गरी अभिव्यक्तिगत सङ्क्षिप्तता तथा लोप अध्याहारबाट सन्दर्भ र अर्थको बोध गर्ने प्रक्रियासँग सम्बन्धित विषय हुन् (फ्लावरड्यू, सन् २००८, पृ. ३७) । यसप्रकार कतिपय अध्ययनमा प्रतिस्थापन र लोपलाई अलग्गै एकाइ मानी विश्लेषण गर्ने परम्परा तथा कतिपय स्थानमा एकै एकाइका रूपमा अध्ययन गरिने प्रचलन रहेको छ । लोप भाषिक प्रकार्यका क्रममा वक्ता वा लेखकले भाषिक सन्दर्भको पटकपटकको पुनरावृत्तिबाट उत्पन्न निरस पक्षलाई न्यूनीकरण गरी अध्याहारबाट अर्थ प्राप्त गर्ने आधार हो । यसप्रकार प्रतिस्थापन भाषिक रन्दर्भ र अर्थलाई पहिल्ला सन्दर्भसँग जोड्ने शृङ्खलासँथ सम्बन्धित विषय हो भने लोल अध्याहारबाट सन्दर्भ र अर्थ प्राप्त गर्ने विषय हो जुन साठलाई सक्तिपूर्ण र सुसम्बद्ध तुल्याउने प्रभावकारी माध्यम हुन् । संसक्ति व्यवस्थामा प्रतिस्थापन र लोपसँगै संयोजनको भूमिका पनि आवश्यक र सशक्त मानिन्छ । संयोपन सङ्कथनमा प्रयुक्त शब्द वा पद। पदावली, उपवाक्य, वाक्य र अनुच्चेछमा रहेको सूचनालाई परस्परमा जोडी अर्थगत एकरूपता निर्माण गर्ने सशक्त आधार मानिन्छ । संयोजन केन्द्रीकृत अर्थी सम्बन्ध निर्माण गर्ने तथा त्यसको निरन्तर सूचनालाई सन्दर्भित गर्ने व्याकरणिक संसक्ति हो (ह्यालिडे र म्याथिसेन, सन् २००४, पृ. ५३६) । व्याकरणिक संसक्तिका आधारमा पाठको विश्लेषण गर्दा साठमा रहेको सूचना प्रवाहको निरन्तरता तथा ती सूचना परस्परमा कसरी संयोजित भएका छन् भन्ने पक्षको खोजी गरिन्छ । संयोजनले पाठमा भएका विविध सूचनालाई केन्द्रीकृत शृङ्खलामा सम्बद्ध गरी पाठमा अवशिष्ट भाषिक एकाइ, सन्दर्भ र अर्थबीच संसक्ति स्थापित गर्दछ । भाषिक सन्दर्भ, अर्थ, यसलाई निर्माण गर्ने भाषिक एकाइमा रहेका अर्थ र विषयलाई सुसम्बद्ध लेखनसँग जोड्ने व्याकरणिक संसक्ति संयोजन हो (क्रिस्चियासेन, २०११, पृ. १६१) । व्याकरणिक संसक्तिको कार्य पाठमा रहेका विविध सन्दर्भ र अर्थ तथा तिनको प्रकार्यलाई परस्परमा जोड्ने तथा पाठगत अर्थलाई केन्द्रीकृत सूचना प्रवाहमा जोड्ने भएकाले यो सुसम्बद्ध लेखनका लागि उपयुक्त माध्यम हो । व्याकरणिक संसक्तिका सम्बन्धमा प्रस्तुत उपर्युक्त सैद्धान्तिक आधारको परिधिमा रही "शाहजहाँको इच्छा" कविताको विश्लेषणका लागि निम्नलिखितअनुसारको विश्लेषण ढाँचा अवलम्बन भएको छ:

| क्र. सं | शोध्यप्रश्न | विश्लेषणको ढाँचा |
|---|---|---|
| १. | शाहजहाँको इच्छा कवितामा व्याकरणिक संसक्ति | निदर्शन/सन्दर्भन, प्रतिस्थापन र लोप , संयोजन |

उपर्युक्त सैद्धान्तिक आधार र विश्लेषणको ढाँचाअनुसार चयन भएको कवितालाई निम्नानुसार विश्लेषण गरिएको छ ।

## ५. विश्लेषण र नतिजा

प्रस्तुत "शाहजहाँको इच्छा" लक्ष्मीप्रसाद देवकोटाद्वारा रचित कविता हो । प्रस्तुत कविताको रचनासन्दर्भगत अवस्थालाई नियाल्दा नेपालमा २००७ सालको राजनीतिक परिवर्तनपछि राजनीतिक क्षेत्रमा भित्रिएको बेथिति, प्रजातन्त्रलाई संस्थागत गतिशीलता र व्यवस्थाको संस्कृतीकरणमा दल र दरबारबीचको सङ्घर्ष तथा अस्थिर सरकार व्यवस्थाले स्रष्टा मानसिकतामा सिर्जना गरेको कुण्ठा र निराशाको प्रतिबिम्बसँग सम्बन्धित रहेको छ । राजनीतिक परिवर्तनपछि जनताले अनुभव गरेको स्वतन्त्रता तथा अस्थिर शासनप्रणालीका अभ्यन्तरमा रहेको शक्तिसङ्घर्षका कारण प्राप्त उपलब्धि संस्थागत नहुने दिशातर्फ अग्रसर रहेको नेपालको सामाजिक-राजनीतिक सन्दर्भको अन्तर्यले निरास कवि मानसिकतामा आएको तीव्रतम भावप्रवाहको सम्यक र परिमार्जित प्रस्तुति यस कवितामा भएको छ । देवकोटाको ताजमहल अर्थात् नेपाल, सुन्दर शान्त विशाल बनाउने र बन्ने चाहनाको जग २००७ सालको राजनीतिक परिवर्तनले गरे पनि राजनीतिक अस्थिरता र राजा-राजनीतिक पार्टीको बेमेलबाट सृजित परिस्थितिका कारण प्राचीनतातर्फको आकर्षणको प्रतिफल नै यो कविता प्राप्त भएको छ । देवकोटाका अन्य कविताका तुलनामा अत्यन्त कलात्मक तथा परिष्कृत शाहजहाँको क्ष्च्छा कवितामा व्याकरणिक संसक्तिको

अध्ययन यस सिद्धान्तका अलगअलग प्रतिमानका आधारमा गरिनु उपयुक्त ठहर्दछ ।

## ५.१ कवितामा निदर्शन

सङ्कथनात्मक संरचनाभित्र समाख्याता वा प्रस्तोताले प्रस्तुत/सङ्केत गरेको वक्ता, श्रोता वा विषय वा स्थानको परिचय गराई त्यसका माध्यमबाट सिङ्गो संरचनामा निहित भावगत दिशानिर्देश र तिनको अर्थसम्बन्धका बीचको सम्बन्ध देखाउने व्याकरणिक संसक्ति निदर्शन हो भने प्रस्तुत “शाहजहाँको इच्छा” कवितामा व्यक्तिवाचक, दर्शक विशेषण र आंशिक रूपमा स्थानवाचक र समयवाचक निदर्शकको प्रयोग गरी तिनका माध्यमबाट काव्यिक भावको सञ्चरण तथा तिनमा निहित आर्थी सम्बन्धको पृष्ठपोषण भएको छ ।

एकदेखि सात अनुच्छेदसम्म संस्मरणात्मक र आठौँदेखि अन्त्यसम्मका अनुच्छेद सम्बोधनात्मक शैलीमा लेखिएको यस कवितामा अघिल्ला सात अनुच्छेदमा समाख्याता कविनिबद्ध व्यक्तिवाचक निदर्शक ‘म’मार्फत् दर्शकविशेषण **ती/तिनी/तिनलाई**प्रति परिलक्ष्यित प्रेमिकाको प्रेमको स्मरण तथा त्यसपछाडिका अनुच्छेदमा प्रियतमालाई सम्बोधन गर्दै वियोगजन्य मानसिकताबाट उत्पन्न विषादयुक्त भाव तथा आफ्नी प्रेमिकाको देहावसानले अन्तर्हृदयमा आप्लावित शोकपीडाका कारण सिङ्गो सृष्टि नै विचलित रहेको अर्थ सम्बन्धलाई संसक्त तुल्याएको छ । स्वच्छ र शीतलजलप्रदायिनी यमुना नदीका छालमा विरही धून उराल्दै बजिरहेको मुरली, त्यस ध्वनिसङ्गीतले पर्यावरणमा छाएको शोक र वियोगमिलनको क्रीडाभूमि वृन्दावनको ऐतिहासिकतामा आफ्नो वियोगले केही योगदान दिएको भाव र प्रेमका लागि आफ्नो योगदान नगण्य रहेको स्वीकारोक्ति अर्थ सम्बन्ध पहिलो अनुच्छेदभित्र परस्परमा संसक्त भएका छन् । दोस्रो अनुच्छेदमा समाख्याताले सागरझैं रोदनमा बहिरहेको नदीमा आफ्नो रोदन मिसाएर प्रत्येक छालमा विरह आप्लावित रहेको चिहानजस्तो दुःखद स्थलका रूपमा दिन बितिरहेको भावमा प्रेमिकाको चिहानमा पोखिएका उसका आँसुआकाशमा टिल्पिलाई रहेका ताराका रूपमा रहेको समृद्ध अर्थ सम्बन्धमा संसक्त गरेको छ । सृष्टिको स्थीरताका लागि आफैंले बनाएको नियमका कारण आफैं भावविभोर भई पछुताइरहेको समुन्नत भावप्रवाहको अन्वय स्वनिर्मित अपरिवर्तनकारी नियमका कारण भएको विधाताको ठहर अर्थ सम्बन्ध तेस्रो अनुच्छेदमा भएको छ । कविताको चौथो अनुच्छेदमा समाख्याताकी प्रेमिका तिनी अर्थात् मुमताजको मृत्युलाई जागृतिशिथिला कोमलता आझ भनौं सुन्दरताको चिरनिन्द्रा भावसम्प्रेषण तथा तिनको मृत्युको शोकमा सिङ्गै पृथ्वीले कफन ओढेको अतिविस्तारित अर्थ सम्बन्धलाई संसक्त गरेको छ । थकाई लागेर निदाएकी प्रेमिकालाई चीरनिन्द्राबाट विमुख गराई स्वार्थवस् जगाउन प्राकृतिक नियमको प्रतिकार गर्ने समाख्याताको आशय अभिव्यञ्जित भाव र नश्वर जीवनलाई फर्काउने व्यर्थ चेष्टाप्रतिको सजगता अर्थ सम्बन्धको संसक्ति पाँचौं अनुच्छेदमा भएको छ । छैठौं अनुच्छेदमा समाख्याता जिवनको क्षणभङ्गुर नश्वरताको वास्तविकता बोध गरी सुन्दरताको बगैचामा वा मनुष्य जातिमा जहाँ भए पनि अल्पकालीन रहने भाविव्यक्ति र संयोगले दिने आर्त चराचरको एक्लो प्राणी अर्थात् समाख्याता स्वयंले आपूmलाई चखेवामा आरोपित गरी चम्किएका तारामा आफ्नो आँसुलाई प्रतिबिम्बित गरेको अर्थसम्बन्धका बीच अन्वय भएको छ । सातौँ अनुच्छेदमा आज किन ? आफ्नो अन्तहृदयमा विद्यमान सुन्दर वस्तु आपूmबाट निशृतः खोसियो र आफ्ना आँखाबाट अल्पियो जसको खोजी गर्दा तिनको आभाष जहाँतहीं विद्यमान रहेको भावाभिव्यक्ति प्रेमान्ध मेरा आँखाका लागि तिनको साकार रूप किन खोसियो ? भनी विधातासमक्ष समाख्याताको प्रश्न उद्बोधन गर्ने सन्दर्भ र प्रेमको चीरस्मृत पर्यावरणमा एक्लिएको प्रेमीको आवाज प्रतिध्वनित अर्थ सम्बन्धबीचको संसक्ति भएको छ । आठौं अनुच्छेदमा समाख्याता प्रत्यक्ष साक्षात्कार भई “म” अर्थात् शाहजहाँले ती/तिनी अर्थात् मुमताजबीचको तुलनामा ज्योतिभन्दा मसिनो रूपाकृति भएकी तिनको र माटोभन्दा खस्रो आफू आकारप्रकार र संरचना नै अलग रहेकाले दुईबीचको मिलन असम्भव भएको हो कि भन्ने संशयपूर्ण भाव र आफू तिनको प्रेमका लागि अयोग्य रहेको अर्थ सम्बन्धबीच अन्वय भएको छ । नवौं अनुच्छेदमा समाख्याताले उसतट (स्वर्ग) मा रहेकी प्रेमिकालाई यस तट (धर्ती) मा बसी प्रेमका सामु बादशाही दम्भ शक्तिहीन बनेको तथा प्रेमिकाको स्मरणमा रुनु मात्र दिनचर्या रहेको भाव एवम् अब स्मरणमा जीवित प्रेमिकाका लागि सम्झना र एक्लोपनमात्र बाँकी रहेको अर्थ सम्बन्धबीच संसक्ति पाइन्छ । दसौं अनुच्छेदमा सम्पन्नता र शक्तिमा कसैका सामु नझुकेको भग्यमानी बादशाह प्रेमका सामु दीनहीन गरिब बनेको भावुक परिदृश्य सम्मिलित भाव र प्रेमका लागि स्वयम्द्वारा सृजित बादशाही संसार, बादशाहत्व र समग्र जीवनको पनि मूल्यहीन अवस्था रहेको अर्थ सम्बन्धबीचको संसक्ति भएको छ । एघारौं अनुच्छेदमा पूर्वपर दसौं अनुच्छेदको भावगत निरन्तरतासँगै मान्छेको मानसिकताले चाहेको नश्वर सुन्दरता, भौतिक सुख र मनोगत भावनाको क्षणिकताका कारण आउनेजाने क्रमको निरन्तरता तथा सदैव मान्छे चीरविश्मय, शोक र वेदनामा अल्झिई रहँदा उसका सिर्जना तथा अठोटसमेत दिवङ्गत हुने भाव एवं अल्पकालीन जीवनवृत्तमा जेलिएको मान्छेमा आकर्षणजनित सम्बन्धबाट निर्मित प्रेमोपासनाको अन्त्यसँगै जीवनरूपी मानसपटलमा छाएको विस्मृत आकृतियुक्त छायाचित्र संसार रहने यथार्थबोध अर्थ सम्बन्धमा संसक्त भएको छ । समाख्याताका मानसिकतामा अनतर्निहित प्रेम तथा त्यसको जीवन्तताका लागि प्रेमस्मारक निर्माण गरी चीरकालसम्म प्रेमोपहारका रूपमा रहने भाव एवं यमुना किनारमा अद्भूतको शयनागार निर्माण गर्ने सङ्कल्पसहितको अर्थबीचको संसक्ति बाह्रौं अनुच्छेदमा पाइन्छ ।

अन्तरात्माले चाहेको वस्तु सबैका लागि प्रिय र सुन्दर लाग्ने विश्वासमा समाख्याता कालले मुमताज जस्तो सुन्दर फूललाई आजसम्म कहिल्यै नटिपेको र आगतमा पनि नटिप्ने भावका साथ मुमताजको सौन्दर्य र तिनीप्रति समाख्याताको प्रेमले कालातीत प्रेमी हृदयलाई प्रेरित र प्रभावित तुल्याउने अभीष्ठसँग ती प्रेमीआत्माले यस विशद् प्रेमाख्यानमा प्रेमका लागि के उपहार थियो ? भन्ने भविष्यको जिज्ञासालाई प्रतिउत्तर दिन स्मारक आवश्यक रहेको निष्कर्ष दिने अर्थगतसंसक्ति तेह्रौं अनुच्छेदमा छ । चौधौं अनुच्छेदमा समाख्याताको शरीररूपी माटोमा आँसुले सिंचाईं गरी प्रेमको बीउ रोपी स्नेहपूर्वक मायालु हातले कुँदेको स्मारकमा प्रेमको फूल फुलाउने भाव र त्यस अपूर्व स्मारकमा सँगै सुत्ने एषणाको अभिव्यक्तियुक्त अर्थबीच संसक्ति भएको छ । अनन्य प्रेमले सिर्जना गरिएको अपूर्व कलाकारिता अभिव्यञ्जित स्मारकलाई कालातीत प्रेमका यात्रीले आफ्नो प्रेमकथालाई स्मरण गरून् भन्ने समाख्याताको चाहना र चीर कालसम्म यही प्रेमको स्मृतिको किनारमा यमुना नदीले आँसु न्यूछावर गरोस् भन्ने अर्थको अन्वय पन्ध्रौं अनुच्छेदमा भएको छ । सोह्रौं अनुच्छेदमा समाख्याताको अपूर्व कलासौन्दर्यले काललाई जिती कालातीत जीवन र प्रेमलाई अमरता प्राप्त हुने अभीष्ठ तथा त्यसलाई जिन्दगी र मृत्यु दुबै कोणबाट परिभाषित गर्न सकिने अर्थ सम्बन्धबीच संसक्ति भएको छ । सत्रौं अनुच्छेदमा वियोगले एक्लिएको समाख्याता निदर्शक **म**ले चित्ताकर्षक रूपमय सौन्दर्यकलाले यमुना किनारमा गुञ्जने शोकसङ्गीतमा भावविभोर कलाकारका मसिना छिनाबाट अपूर्व कलाकारिता जन्मने भाव र स्मारक निर्माणको शुभेच्छाव्यष्ठित अर्थबीच संसक्ति स्थापित गरेको छ । कलाकारिताको अनुपम प्राप्तिका रूपमा निर्मित स्मारकमा कालातीत प्रेमका यात्रीले समाख्याताको पीडालाई अनुभूत गरून् भन्ने भाव र वियोगीको वियोगान्तस्थिति ती यात्रीमा उद्दीपनका रूपमा जीवन्त बन्ने अर्थबीच अन्वय अठारौं अनुच्छेदमा भएको छ । उन्नाईसौं अनुच्छेदमा कालातीत युगका यात्रीनजरका मोतीले आफ्नो शोकसन्तप्त परिणतिलाई अनुभव गर्ने भावाभिव्यक्ति प्रस्तुत गर्ने समाख्याताले सुदूर इतिहासका लागि आफूले यही एक योगदान दिनसक्ने सन्दर्भलाई परस्परमा संसक्ति गरेएको छ । बीसौं अनुच्छेदमा क्षितिजमा आकाश र धर्तीवबीच मेल हुँदा देखिने गुम्बजाकार अर्थात् आकाशले छोपेकी पृथ्वीआकारको सुन्दर वास्तुकलाको संरचना हुने भाव र उक्त असिम, अगम स्मारक सदैव प्रेमोपहार रहने समाख्याताको चाहनाबोधक सन्दर्भबीच संसक्ति भएको छ । एक्काईसौं अनुच्छेदमा वियोगले सन्तप्त भई टोह्लाएका वियोगीले सननाटाबाट ब्यूँझिएर प्रेमसमर्पित यस शयनागारलाई हेरून् भन्ने समाख्याताको भाव र हे मुमताज ! यो स्मारक समाख्याताका लागि नभई प्रेमप्रति नै समर्पण गरी बोझिलो वियोगबाट सान्त्वना लिने मनसाययुक्त अर्थ सम्बन्धका बीच संसक्ति भएको छ । समाख्याताको सृष्टिमा महानतम

धर्म प्रेम नै भएको उच्चतम विचारको प्रकटीकरण तथा धर्मको प्रचारका निम्ति सृजित भजन वेद र कुरान हुन् भन्ने धार्मिक/सांस्कृतिक सहिष्णुता अभिप्रेरित अर्थ सम्बन्धबीच संसक्ति भएको छ । कविताको अन्तिम तेईसौं अनुच्छेदमा समाख्याताद्वारा निर्मित स्मारक आफ्नो नभई कालातीत प्रेमीप्रेमिकाको चीरवियोगको प्रतीकका रुपमा जीवन्त रहने आशा तथा मानव सौन्दर्यचेतभन्दा माथि उठी निष्कलङ्क र अछूतो उचाइ पाई कालजयी बन्ने चाहनाको उद्बोधनयुक्त अर्थ सम्बन्धबीच संसक्ति भई कविताको समापन भएको छ ।

प्रस्तुत कवितामा सार्वनामीकरण अलग्गै विषयका रूपमा नभई निदर्शन वा सन्दर्भनकै प्रोनोमिनल एकाइका रूपमा भएको छ । कविताको पहिलो अनुच्छेदको चौथो र नवौं पङ्क्तिमा आएको **यो** दर्शकसर्वनामले वियोगमिलनको क्रीडाभूमि वृन्दावन र जलको क्रन्दनमा नामस्थानिक शब्दको स्थानमा प्रयोग भई रोइरहेको इतिहाससम्बद्ध भावलाई यमुनाको कलकल आवाजमा आारोपित गरी अर्थगत सन्दर्भलाई संसक्त बनाएको छ । दोस्रो अनुच्छेदको छैठौं पङ्क्तिमा आएको **यो** सन्दर्भनले जलमा क्रन्दन पदावलीका स्थानमा आएको छ भने सातौं अनुच्छेदको नवौं पङ्क्तिमा आएको **योले** जीवनज्योतिको ज्वालालाई सार्वनामीकरण गरेको छ । नवौं अनुच्छेदको सातौं पङ्क्तिमा प्रयुक्त **यो** संसार बन्ने परमाणुद्योतक ती सब दानाको सर्वनामका रूपमा आएको छ भने अठारौं अनुच्छेदको दोस्रो पङ्क्तिमा प्रयुक्त **योले** समाख्याता स्वयंलाई सम्बोधन गरी उसमा निसहत भावाभिव्यञ्जना र अर्थ सम्बन्धको बिस्तारलाई संसक्त तुल्याएको छ । बीसौं अनुच्छेदको दसौं पङ्क्तिको **यो** सर्वनामले सम्पूर्ण प्राकृतकलाले शृङ्गारिएको पृथ्वीलाई बुझाउनुका साथै सिङ्गो भाव र अर्थ सम्बन्धलाई संसक्त तुल्याएको छ भने एक्काईसौं अनुच्छेदको चौथो पङ्क्तिमा आएको **यो** सर्वनामले असिम कालीगढीले पूर्ण ताजमहल र यसको अभूतपूर्व कलाकारितालाई बुझाएको छ । यसै गरी उन्नाईसौं अनुच्छेदको आठौं पङ्क्तिमा प्रयुक्त तेरो सर्वनामले स्वयंद्वारा निर्मित ताजमहल कालातीत युगौंसम्म चीरस्मृतिको स्मारकका रूपमा जीवित रहने भावबीच संसक्ति स्थापित गरी सुसम्बद्ध पाठ निर्माण गर्ने आधार बनेको छ ।

## ५.२ कवितामा प्रतिस्थापन र लोप

सङ्कथनात्मक संरचनाभित्र पूर्वपर प्रयोग गरिएका घटना, कार्य, कथन, स्थान आदिको पटकपटकको आवृत्तिबाट उत्पन्न अथवा पाठकीय आवृत्तिकको स्थानमा प्रयोग हुने विशिष्ट भाषिक सन्दर्भक वा संसक्ति एकाइ प्रतिस्थापन हो भने अत्यल्प प्रतिस्थापक कोटिको प्रयोगमा सुसम्बद्ध पाठ निर्माणको प्राप्तिका रुपमा प्रस्तुत कवितालाई लिनसकिन्छ । प्रस्तुत कविता अत्यन्त कम प्रतिस्थापक एकाइको प्रयोग गरी संरचित कविता हो जसमा तेह्रौं अनुच्छेदको तेस्रो पङ्क्तिमा प्रयुक्त **जसको** प्रतिस्थापकले काल अर्थात् विधाताका लागि समाख्याताकी प्रेमिका मुमताजका तुलनाका त्यस्तो केही सुन्दर वस्तु विगतमा र आगतमा आफूमा समाहित नगर्ने तथा वर्तमानमा त्यो सुन्दर वस्तु निर्विकल्प मुमताज मात्रै हो भन्ने भावाभिव्यञ्जनालाई ती सुन्दर फूलको सुवास चीरकालसम्म सुवासित रहने अभूतपूर्व अर्थ सम्बन्धलाई संसक्त गर्न अहम् भूमिका खेलेको छ । यसैगरी सोह्रौं अनुच्छेदको सातौं पङ्क्तिमा प्रगोग भएको **जसका** प्रतिस्थापक एकाइले समाख्याताद्वारा सृजित प्रेमस्मारक (ताजमहल)लाई अजरामर बनाउन कालजयी जिन्दगी र मृत्यको कलेबरले शृङ्गारिएको शाश्वत् जीवन्त प्रतिमूर्तिको परिकल्पना गरिएको समृद्ध भाव र त्यस प्रस्तरकलामा समु बादशाहको बादशाही ताजमा कुनै आकर्षण शेष नरहने अभूतपूर्व अर्थ सम्बन्धलाई संसक्त तुल्याएको छ ।

निश्चित वाक्यात्मक संरचनाभित्रका उपवाक्यमा प्रयुक्त नाम, क्रिया, सहायक क्रिया जस्ता एकाइको पटकपटक प्रयोग नगरी अध्याहारबाट तिनको अर्थसङ्गति कायम हुनसक्ने स्थितिमा दोहोरिएका संरचनालाई लोप गरी अर्थग्रहण गर्ने प्रक्रियालाई लोप हो भने यसप्रकारको संसत्तिः व्यवस्था शाहजहाँको इच्छा कवितामा पर्याप्त मात्रामा भएको छ । प्रस्तुत कविताको पहिलो अनुच्छेदको दोस्रोको पङ्क्तिको सुरूमा **यमुनाको**, तेस्रोको सुरूमा **जलप्रवाह**, पाँचौंको अन्त्यमा **हो**, छैठौंको सुरूमा **जहाँ**अन्त्यमा र **छ**, सातौं, आठौं र नवौंको अन्त्यमा **हो** एघारौंको सुरूको शब्दको **एर** रूपायक प्रत्यय र तेह्रौं पङ्क्तिको अन्त्यमा **चल्दछ** क्रियापद लोप भएको छ । दोस्रो अनुच्छेदको पहिलो पङ्क्तिको सुरुमा **यो** र बीचमा **जस्तो**, चौथो पङ्क्तिको बीचमा **यमुना**, पाँचौंको सुरूमा **यमुना** र अन्त्यमा **छ**, सातौंको बीचमा **ती** र नवौं अन्त्यमा **आँसु विन्दिए** विलोपित भएका छन् । तेस्रो अनुच्छेदको पहिलो पङ्क्तिको सुरूमा **यो**, दोस्रोको बीचमा **सिर्जनाका**, तेस्रोको अन्त्यमा **कारण**, पाँचौंको सुरूमा **आफ्नै** र सातौंको सुरूमा **स्वनिर्मित** शब्दको लोप भएको छ । चौथो अनुच्छेदको दोस्रो पङ्क्तिको अन्त्यमा **साथ**, तेस्रोको सुरुमा **ती** र अन्त्यमा **बनिन्**, चौथोको सुरूमा **तिनीसँग**, पाँचौंको सुरूमा **तिनीसामु** र बीचमा **म**, छैठौंको बीचमा **मेरी**, सातौंको बीचमा **यहाँ**, आठौंको सुरूमा **सारा**, दसौंको बीचमा **ती** शब्द लोप भएको छ । पाँचौं अनुच्छेदको पहिलो वाक्यको सुरूमा **यहाँ**, तेस्रोको सुरूमा **ती**, चौथोको सुरूमा उसपारको **उस**, पाँचौं र छैठौंको बीचमा **यहाँ**, सातौंको बीचमा **यो**, आठौंको बीचमा **यी**, नवौंको सुरूमा **यो**, दसौंको सुरूमा **तिनलाई**, एघारौंको बीचमा **नै**, बाह्रौंको बीचमा **तिनलाई** तथा तेह्रौं पङ्क्तिको सुरूमा **मेरो** लोप भएको छ । छैठौं अनुच्छेदको पहिलो पङ्क्तिको अन्त्यमा **हो**, दोस्रोको **बीच** र अन्त्यमा **होस्**, चौथोको अन्त्यमा **एक**, छैठौंको सुरूमा **ती**, सातौंको सुरूमा **यो**, आठौंको बीचका दुईस्थानमा **प्रत्येक** लोप भएको छ । सातौं अनुच्छेदको पहिलो पङ्क्तिको सुरूमा **यी**, दोस्रोको सुरूमा **कोही**, चौथोको सुरूमा **यो** र अन्त्यमा **मा** विभक्ति, पाँचौंको सुरूमा **कोही**, छैठौंको सुरूमा **मैले**, सातौंको सुरूमा **मेरो**, आठौंको बीचमा ए**क** लोप भएको छ । आठौं अनुच्छेदको पहिलो पङ्क्तिको सुरूमा **मैले**, तेस्रोको बीचमा **त्यो,** पाँचौंको सुरूमा **मेरा**, छैठौंको बीचमा **मैले**, आठौंको अन्त्यमा **थिएँ**, नवौंको सुरूमा **मैले**, दसौंको सुरूमा **मेरो** र एघारौंको सुरूमा **म** विलोपित भएका छन् । नवौं अनुच्छेदको दोस्रो पङ्क्तिको सुरूमा **तिमी**, पाँचौंको सुरूमा **यहाँ** छैठौंको सुरूमा **भन्दै**, आठौंको सुरूमा **मेरा** र नवौंको सुरूमा **जहाँ** लोप भएको छ । दसौं अनुच्छेदको पहिलो पङ्क्तिको सुरूमा यहाँ, दोस्रोको सुरूमा म, तेस्रोको सुरूमा यहाँ, पाँचौंको सुरूमा यो, सातौंको बीचमा **तिमीलाई**, आठौंको बीचमा **कि**, तथा नवौंको सुरूमा **तिम्रालागि** लोप भएको छ । एघारौं अनुच्छेदको पहिलो पङ्क्तिको बीचमा **यी**, दोस्रोको सुरूमा **सबै**, तेस्रोको अन्त्यमा **चढाऊँ**, पाँचौंको सुरूका **यो**, छैठौंको सुरूमा **उनिन्छ** र सातौंको सुरूमा **बनिन्छ** लोप भएको छ । बाह्रौं अनुच्छेदको पहिलो पङ्क्तिको सुरूमा **यी** र बीचमा **भई**, दोस्रोको इच्छा शब्दमा **हरू** रूपायक प्रत्यय, तेस्रोको बीचमा **मात्र**, पाँचौं र छैठौंको सुरूमा **हामी**, सातौंको सुरूमा **ती**, आठौंको सुरूमा **म**, एघारौंको सुरूमा **अब** र अन्त्यमा **मा** विभक्ति लोप भएका छन् । तेह्रौं अनुच्छेदको पहिलो पङ्क्तिको सुरूमा **त्यो**, चौथोको सुरूमा **यस**, पाँचौंको सुरूमा **सदा**, छैठौंको बीचमा **अवश्य**, आठौंको सुरूमा **तैंले** लोप भएका छन् । चौधौं अनुच्छेदको पहिलो पङ्क्तिको सुरूमा **यस**, दोस्रोको सुरूमा **ती,** चौथोको सुरूमा **यही**, पाँचौंको सुरूमा **यी**, छैठौंको सुरूमा **यो**, सातौंको अन्त्यमा **सिर्जन्छु**, आठौंको बीचमा **ती**, नवौंको सुरूमा **एक** र दसौंको सुरूमा **हामी** विलोपित भएका छन् । पन्ध्रौं अनुच्छेदको पहिलो पङ्क्तिको सुरूमा **त्यो**, तेस्रोको अन्त्यमा **बाट**, पाँचौंको सुरूमा **जहाँ**, छैठौंको बीचमा **यस**, नवौंको अन्त्यमा **बनोस्**, एघारौंको अन्त्यमा **छाओस्**, तेह्रौंको सुरूमा **सिर्जना होस्**, चौधौंको सुरूमा **कैयौं**, सत्रौंको अन्त्यमा **पाउन्** विलोपित रहेका छन् । सोह्रौं अनुच्छेदको पहिलो पङ्क्तिको सुरूमा **यस**, तेस्रोको अन्त्यमा **नै**, छैठौंको सुरूमा **जसको** लोप भएका छन् भने सत्रौं अनुच्छेदको पहिलो पङ्क्तिको सुरूमा **म**, दोस्रो र चौथोको बीचमा **यस**, तथा आठौंको सुरूमा **अनि** लोप भएको देखिन्छ । अठारौं अनुच्छेदको पहिलो पङ्क्तिको सुरूको **यस** र पाँचौंको अन्त्यमा **बनाइ** लोप भएको छ भने उन्नाईसौं अनुच्छेदको पहिलो पङ्क्तिको अन्त्यमा **छन्**, दोस्रोको सुरूमा **म**, तेस्रोको बीचमा **आफैं**, चौथोको बीचमा **ती**, पाँचौंको अन्त्यमा **मोती**, छैठौंको सुरूमा **मागेर**, सातौंको सुरूमा **सारा**, आठौंको सुरूमा **हे** तथा नवौंको सुरूमा **के म सँधै ?** पदावलीको लोप भएको छ । बीसौं अनुच्छेदको पहिलो पङ्क्तिको सुरूमा **यो** र अन्त्यमा **बनोस्**, दोस्रोको बीचमा **जस्ती आकारकी**, तेस्रोको **अन्त्यमा होस्**, चौथोको बीचमा **जसको**, छैठौंको अन्त्यमा **तृष्णा हुन्**, आठौंको अन्त्यमा **हुन्**, नवौंको अन्त्यमा **होस्**, एघारौंको अन्त्यमा **बनोस्**, बाह्रौंको अन्त्यमा **स्मारक होस्**, तथा पन्ध्रौंको सुरू र बीचमा **मेरी** शब्द लोप भएका छन्

। एक्काईसौं अनुच्छेदको दोस्रो पङ्क्तिको अन्त्यमा **आहट** र सातौंको सुरूमा **अनि** लोप भएको छ भने बाईसौं अनुच्छेदको पहिलो पङ्क्तिको सुरूमा **विश्वमा**, दोस्रोको अन्त्यमा **हो**, चौथो र पाँचौंको सुरूमा **प्रेमको** र अन्त्यमा **हो**, छैठौंको सुरूमा **प्रेमलाई**, सातौंको सुरूमा **प्रेमको**, नवौंको सुरूमा **सबको**, दसौं र एघारौंको बीचमा **प्रेमको**, बाह्रौंको बीचमा **प्रेमले**, सोह्रौं र सत्रौं सुरूमा **प्रेमको** र अन्त्यमा **हो**, अठारौंको सुरूमा **प्रेम** र अन्त्यमा **हो**, उन्नाईसौंको बीचमा **प्रेम** एवं बीसौं पङ्क्तिको सुरूमा **प्रेम** र अन्त्यमा **हो** तथा तेईसौं अनुच्छेदको चौथो पङ्क्तिको सुरूमा **हाम्रो**, पाँचौंको अन्त्यमा **झैं**, दसौंको अन्त्यमा **होस्**, बाह्रौंको अन्त्यमा **नहोस्**, तेह्रौंको सुरूमा **मेरो**, चौधौंको सुरूमा **अनि**, पन्ध्रौंको सुरूमा **हरेक** र अठारौंको बीचमा **रहौंला** क्रियापदको लोप भएको छ ।

## ५.३ संयोजन

प्रस्तुत कवितामा कारणवाचक, विरोधसूचक, विकल्पवाचक, व्यतिरेकवाचक, सम्बन्धवाचक संयोजी एकाइको प्रयोगले कविताका व्याकरणिक एकाइ, सन्दर्भ र अर्थलाई संयोजन गरी सङ्कथनलाई संसक्त तुल्याएको छ । तेस्रो अनुच्छेदको तेस्रो पङ्क्तिमा प्रयुक्त कारणवाचक **र** संयोजीले विधाता स्वनिर्मित अपरिवर्तनीय मृत्युरूपी नियम बनाइनु आफ्नो भूल भएको तथा विधिसामु नतमस्तक भई अन्तर्हृदयको पीडालाई व्यक्त गरिरहेको भावलाई उक्त नियमले सृजना गरेको शोककूल पर्यावरणले शोकको शूलीमा चढाएको विराट् अर्थ सम्बन्धलाई अङ्कन गर्ने एकवाक्य र पाँच उपवाक्यलाई परस्परमा संयोजन गरेको छ । बाह्रौं अनुच्छेदको चौथो पङ्क्तिमा आएको **र** संयोजीले तीनवाक्य र एक उपवाक्यलाई संयोजन गर्दै समाख्याता मानसिकतामा रहेको कलाप्रतिको विराट दृष्टिकोण तथा उत्तम कलाकारिताले मात्र देशदेशावरमा प्रसिद्धि पउने विश्वाससहितको अर्थ सम्बन्धलाई संसक्त गरेको छ । पन्ध्रौं अनुच्छेदको दोस्रो पङ्क्तिमा आएको **र** संयोजीले तीन शब्दलाई एकवाक्यमा जोडी मिश्रवाक्यको रचना तथा ती शब्द र वाक्यमा अवशिष्ट कठोरतम वस्तुमा तरलता अर्थात् कोमलता आई जीवन्त बनाउने चाहना तथा कठोरता कोमल र सुन्दर बनाउने अर्थलाई परस्परमा जोडेको छ । कविताको पाँचौं अनुच्छेदको तेस्रो पङ्क्तिमा प्रयुक्त **जो** सम्बन्धवाचक संयोजीले दुइवाक्य र एक उवाक्यलाई संयोजन गर्दै थकाइ लागेर निदाएकी प्रेमिकालाई जगाउन खोज्ने धृष्टता लिएको समाख्याता अभीष्ट तथा यो पुरूषत्वको चाहना मात्र हो वा भ्रमविषयक अर्थ सम्बन्धलाई समेत संसक्त तुल्याएको छ । यसैगरी सातौं अनुच्छेदको आठौं पङ्क्तिको **जो** संयोजीले दुईवाक्यलाई संयोजन गर्दै विनाआत्माको शरीरझैं जीवनरूपी ज्योतिको ज्वाला निभेको भावलाई प्रेमिकाको मृत्युसँग जोडी बिस्तारित अर्थ सम्बन्धबीच अन्वय गराएको छ । पाचौं अनुच्छेदको आठौं र बाह्रौं पङ्क्तिमा आएको विरोधसूचक **तर** संयोजीले तीन विपरीत अर्थयुक्त वाक्य र एक उपवाक्यलाई संयोजन गर्दै मृत्यु भइसकेकी प्रेमिका फर्किउन् भन्ने आशयका विपरीत ती कसरी फर्कन सक्छिन् भन्ने भाव र वियोगी मानसिकताको माग सम्बोधनको अर्थ सम्बन्ध तथा दुईवाक्यलाई संयोजन गरी मृत्यु अवश्यंभावी अकाट्य सत्य भएको भाव र प्रेमका कारण अन्तरात्माले पुकारी रहेको अर्थ सम्बन्धलाई संसक्तसमेत गरेको छ । छैठौं अनुच्छेदको दोस्रो पङ्क्तिमा प्रयुक्त विकल्पवाचक **वा** संयोजीले दुईशब्दलाई संयोजन गर्दै सुन्दरता प्रकृतिमा अथवा मानिसमा दुवैको जीवन क्षणभङ्गुर रहेको वास्तविकताबोध र सुन्दरता नासिए पनि सुन्दरै रहने अर्थलाई जोडेको छ भने साह्रौं अनुच्छेदको सातौं पङ्क्तिमा आएको **औ** संयोजीले प्रकृतिका सत्य दुईरूप जिन्दगी र मृत्युलाई संयोजित गर्दै समाख्याताले निर्माण गर्ने स्मारक कालातीत अजरामर हुने भाव र त्यसको कलेवरमा जीवन र मृत्यु रहने अर्थ सम्बन्धलाई समेत संसक्त तुल्याएको छ । दसौं अनुच्छेदको आठौं पङ्क्तिमा आएको व्यतिरेकवाचक **पनि** संयोजीले तीनवाक्य र तीनवाक्यलाई परस्परमा संयोजन गर्दै प्रेमका लागि जीवन र संसार दुर्व तुच्छ हुने भाव र स्मृतिरूपी अमूर्त आकाङ्क्षा नै दीर्घजीवी रहने आर्थी सम्बन्धलाई संसक्तसमेत तुल्याएको छ भने तेह्रौं अनुच्छेदको तेस्रो पङ्क्तिमा कालले यति उत्तम फूल कहिल्यै नटिपेको भाव र जसको सुगन्ध कालातीत सुवासित रहने अर्थ सम्बन्धलाई संसक्त गराउने दुईवाक्य र एक उपवाक्यलाई संयोजन गरेको छ । यसैगरी बीसौं अनुच्छेदको तेह्रौं पङ्क्तिमा अवशिष्ट पनि संयोजीले एकवाक्य र दुई उपवाक्यलाई संयोजन गरी वियोगी रात्रीकालीन एकान्तमा रूने भाव तथा अर्थ सम्बन्ध के तिमी रून्नथ्यौ ? प्रश्नवाचकताबीच अन्वय गराएको छ ।

## ६. निष्कर्ष

प्रस्तुत शाहजहाँको इच्छा कविता लक्ष्मीप्रसाद देवकोटा (१९६६-२०१६) द्वारा लिखित तथा २०१३ सालमा इन्द्रेणी पत्रिकामा प्रथमपटक प्रकाशित भई २०३९ सालमा लक्ष्मी कवितासङ्ग्रहमा सङ्गृहित भई पुनप्रकाशित भएको कविता हो । नेपाली कविताको स्वणर्युगको प्रतिनिधित्व गर्ने देवकोटा युगमा रचित र प्रकाशित प्रस्तुत कविता विषयवस्तुगत विविधताअन्तर्गत स्वच्छन्दतावादी भावानुभूतिलाई रहस्यवादी दृष्टिकोण प्रस्तुत भई रचना भएको तीब्रतम लय, अन्तर्साङ्गीतिक आलङ्कारिक पदविन्यास, पदलालित्य, श्रुतिमधुरता, साङ्गीतिकता तथा लयात्मकताजस्ता विषयमा सबल र सघन रहेको कृति हो । कविताका संसक्ति व्यवस्थाको अध्ययन गर्दा व्याकरणिक र कोशीय संसक्तिको अध्ययन गरिन्छ । व्याकरणिक संसक्ति भाषिक प्रकार्यका रूपमा सार्वनामिक पद, सम्बन्धबोधक विशेषण र संयोजकले पाठलाई कसरी सुसम्बद्ध तुल्याउँछन् भन्ने पक्षको अध्ययन गर्ने पद्धति हो । व्याकरणिक संसक्तिका आधारभूत प्रतिमानका रूपमा निदर्शन वा सन्दर्भन, प्रतिस्थापन, लोप र संयोजनका आधारमा पाठको संरचना कसरी सुसम्बद्ध छ भन्ने पक्षको खोजी गरिन्छ । प्रस्तुत कवितामा समाख्याताको अभिप्रायलाई गत्यात्मकता दिन **म** निदर्शकले तिनी दर्शकविशेषणलाई सम्बोधन गरी प्रस्तुत भावभूमि, प्रभावपरक सार्वनामीकरण, निश्चित प्रतिस्थापक, समुचित भाषिक एकाइको लोप, स्तरीय संयोजन तथा उच्चकोटिको भावाभिव्यक्ति र अर्थ सम्बन्ध निर्धारण गर्ने सुललित कोमल शब्दसंयोजनले काव्यिक संकथनलाई उच्चकोटिमा स्थापित गरेको देखिन्छ । कविनिबद्ध वक्ता म अर्थात् समाख्याताको मानसिकतामा रहेको मिलनपछिको वियोगबाट आक्रान्त बनेको सोचले शान्त, स्निग्ध मनमोहक वातावरण तथा निनादपूर्ण कलकल कलरव ध्वनि सिर्जना गर्दै बहने शितलवाहिनी यमुना नदी आच्छादित पर्यावरणलाई वियोगको वेदनाले प्रताडित बनी रोइरहेको भावाभिव्यञ्जनाभित्र प्रेमिकाको आत्मिक शान्ति र सम्पूर्ण प्रेमी हृदयका लागि कालातीत प्रेमप्रतीकका रूपमा जीवन्त रहने स्मारक निर्माण गरी समर्पण गर्ने अभिलाषा र त्यसको परिपूरणको आकांक्षालाई प्रस्तुत गरी समर्पण गरिएको अर्थ सम्बन्धलाई सुसम्बद्ध लेखनको आधार बनेको छ । प्रस्तुत कवितामा व्याकरणिक संसक्तिको विधान प्रभावकारी तथा काव्यिक अर्थसँथ जोडिने सन्दर्भलाई परस्परमा सम्पृक्त गर्ने विषयमा सिङ्गो सङ्कथनलाई कलात्मक तुल्याउन सबल र सार्थक रहेका छन् ।

## सन्दर्भ सामग्रीसूची


एटम, नेत्र (२०७४), सङ्क्षिप्त साहित्यिक शब्दकोश, काठमाडौँ: नेपाल प्रज्ञा प्रतिष्ठान ।

गौतम, देवीप्रसाद (२०६८). 'सङकथन विश्लेषण'. रत्न बृहत् नेपाली समालोचना सैद्धान्तिक खण्ड. (सम्पा.)

राजेन्द्र सुवेदी र लक्ष्मणप्रसाद गौतम, काठमाडौँ : रत्न पुस्तक भण्डार, पृ. ५७१-५९१ ।

देवकोटा, लक्ष्मीप्रसाद (२०७६). लक्ष्मी कवितासङ्ग्रह, (सातौं संस्क.), काठमाडौं : साझा प्रकाशन ।

Christiansen, T. (2011). *Cohesion: A discourse perspective.* Berne: Peter Lang Publishing.

Davies, M. 1989. 'Prosodic and non-prosodic cohesion in speech and writing'. *Word* 40.1–2, 255–62.

Flowerdew. John. (2013). ”Cohesion”. in English Language Education. USA : Taylor and Francis Group, Pp. 33-58.

Halliday, M. A. K. and M. I. M Matthiessen. (2004). *An Introduction To Functional Grammar*. (3th ed). London : Hodder Arnold.

Halliday. MAK. and Ruqaiya Hasan. (1976). *Cohesion in English*. London : Longman Group Limited.

Martin, J. R. (2001). ”Cohesion and Texture”. *The Handbook of Discourse Analysis*. Schiffrin, D., D. Schiffrin H. E. Hamilton (Eds.). USA : Blackwell Publishers.

McCarthy, M. (1991). *Discourse Analysis for Language Teachers*. Cambridge: Cambridge University Press.